# आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

**अजिरकोट गाउँपालिका**
**भच्चेक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

२०७९ अषाढ ५ गते

गाउँसभा सदस्य ज्यूहरु,

सम्मानित व्यक्तित्वहरु,

राष्ट्रसेवक कर्मचारीहरु,

सुरक्षाकर्मीहरु,

पत्रकार महानुभावहरु,

नागरिक समाज साथै आदरणीय अजिरकोटवासी जनसमुदाय,

अजिरकोट गाउँपालिकाको नवनिर्वाचित अध्यक्षको हैसियतमा पहिलो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । यस पावन अवसरमा सम्पूर्ण अजिरकोटवासी आदरणीय जनसमुदायलाई हृदय देखि हार्दिक आभार व्यक्त गर्दछु । यस अवसरमा १० वर्षे जनयुद्ध, जनआन्दोलन लगायतका राजनीतिक परिवर्तनका लागि आफुनो अमूल्य जीवन वलिदान गर्ने सम्पूर्ण सहिदहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । घाइते र बेपत्ता योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दै परिवर्तनकारी नेपाली जनताप्रति हार्दिक अभिनन्दन गर्दछु ।

हाम्रो स्थानीय सरकारलाई लोकतन्त्रको रक्षा गर्ने एक खम्बाको रुपमा लिंदै सामाजिक न्याय सहितको समृद्धि र आर्थिक, सामाजिक एवं साँस्कृतिक रुपान्तरणको पक्षमा पूर्ण समर्पण साथ क्रियाशील हुने हामी जननिर्वाचित प्रतिनिधिहरु शासक र हाकिम नभई जनताको सेवक हौं भन्ने कुरालाई शिरोधार्य गर्दै त्यसबाट कहिल्यै बिचलित नहुने र जनताको जीवनमा तात्विक परिवर्तन गर्ने संकल्प गर्दछौं ।

गाउँसभाका सदस्यज्यूहरु,

समाज विकासको तीव्रता र असमानता बीच निकै ठूलो अन्तर पर्दैछ । स्वाधीन समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको आश्यकता र संविधानमा नै उल्लेख भएको समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माणले समाजको वास्तविक अन्तर अन्त्य गर्ने हुन्छ । गणतन्त्र, समावेशीता, धर्मनिरपेक्षता, संघीयता, सकारात्मक विभेद सहितको समानुपातिक प्रतिनिधित्व सहितको मौलिक समाजवाद उन्मुख व्यवस्था उन्मुख भएतापनि अजिरकोटको समग्र अवस्था बदल्नका लागि व्यवस्थामा नै वस्तुवादी एवं जनमुखी नीति, कार्यक्रम र कानून  निर्माण गरेर रुपान्तरणकारी नेतृत्व गर्न जरुरी छ । १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन र पटक पटकका संघर्षबाट नेपालको व्यवस्था त बदल्न सकियो तर नेपाली जनताको अवस्था भने जहाँको तेहीं छ । धनी र गरीब, गाउँ र शहर, हुने र नहुने बीचको खाडल झन झन ठूलो हुँदै गइरहेको छ ।

नेपालको राजनीतिक परिवर्तन पछि पनि अजिरकोटका अधिकांश भेगमा वसोवास गर्ने जनताको जीवनस्तर दुखदायी र कष्टकर नै छ । अजिरकोटमा विद्यमान बेरोजगारी समस्या, पूर्वाधार अभाव, सार्वजनिक शिक्षाको कम गुणस्तर, बढ्दो बसाइसराई, निर्वाहमुखी कृषि प्रणाली, कम उत्पादकत्व र बाँझा जमिनहरु, प्रशासनिक अराजकता र भ्रष्टाचार, स्वास्थ्य

सेवामा सिमितता, जलवायु संकट लगायतका समस्याहरुलाई पन्छाउँदै नेपालको संविधानले प्रदत गरेका मौलिक हक अधिकारलाई कागजमा मात्र नभएर जीवन व्यवहारमा रुपान्तरण सम्भव तुल्याउन नवीन पहलकदमी सहित समग्र अजिरकोटको विकास गर्न यो नीति र कार्यक्रम अगाडि सारेको छु । सबै प्रकारका सिमान्तकृत वर्ग र समुदायको उत्थानका साथै समाजमा विद्यमान विभेदहरुको अन्त्य गर्दै नेपालको संविधानले व्यवस्था गरे अनुरुप स्थानीय तहको अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न संघीय संरचना अनुसार साधन स्रोत र कार्यकारी अधिकारलाई अजिरकोटवासी जनताको जीवनमा समृद्धि र खुसी ल्याउन प्रयोग गर्ने संकल्प सहित दिर्घकालिन सोच **"दिगो विकास हाम्रो सोच, सुन्दर शान्त समृद्ध अजिरकोट"** को लक्ष्य हाँसिल गर्न **"हाम्रो अजिरकोट राम्रो अजिरकोट"** भन्ने नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

गाउँसभा सदस्यहरु,

अब म अजिरकोट गाउँपालिकाको आ.व. २०७९/८० का लागि तय गरिएका प्रमुख नीति तथा कार्यक्रमहरु देहायबमोजिम प्रस्तुत गर्दछु ।

**क) आर्थिक विकास**

**१.** विकास निर्माणमा स्थानीय शिप र प्रविधिको प्रयोग गर्दै लगानी एवं. प्राप्त उपलब्धीहरुलाई समन्यायिक वितरण मार्फत दिगो विकास, रोजगारी सिर्जना, उद्यमशिलता प्रवर्द्धन गर्दै समृद्ध अजिरकोट निर्माणको लागि दिगो आर्थिक वृद्धि एवं नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास हाँसिल गर्न सार्वजनिक, निजी र सहकारीको साझेदारीको नीति अवलम्बन गरिनेछ ।

२. पर्यटन प्रवर्द्धनका लागि संघ सरकार, प्रदेश सरकार र सम्बद्ध निकायहरुसँगको समन्वय, सकहार्य र सहलगानीलाई प्राथमिकता दिइनेछ । अजिरकोटलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्दै वार्षिक पर्यटकको संख्या लक्ष्य निर्धारण गरिनेछ ।

३. राजश्व सुधार योजनाबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्दै सबै व्यवसायलाई क्षमता र सामर्थ्यको आधारमा करको दायराभित्र समावेश गरी आन्तरिक आय अभिवृद्धि गर्न यस वर्षलाई **व्यवसाय दर्ता वर्ष** को रुपमा मनाइनेछ । व्यवसाय प्रवर्द्धनका विभिन्न कार्यक्रमहरु संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

४. आर्थिक रुपमा विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला, योनिक तथा लैंगिक अल्पसंख्यक, आदिवासी/जनजाती तथा सिमान्तकृत वर्गका लागि विशेष अनुदान र सहुलयत मार्फत कृषिमा लगानी गर्दै रोजगारी सिर्जना र आर्थिक सम्पन्नतातर्फ प्रेरित गरिनेछ । यस्ता लाभग्राहीको कृषिमा आधारित उद्यमशिलता प्रवर्द्धन गर्न संघ, प्रदेश र सम्बन्धित निकायमा समन्वय र सिफारिस गरिनेछ ।

५. माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो र भूगोल सुहाउँदो खेतीपाती र स्थानीय उत्पादनमा आधारित उद्योग एवं उत्पादनलाई प्रवर्द्धन गर्न सहुलियत दिइनेछ । आलु खेती, मौरीपालन, किवि र स्याउ, खुर्सानी, चिया उत्पादन, ट्राउट माछा उत्पादन जस्ता अजिरकोटको भूगोल सुहाउँदो कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरुलाई प्राथमिकतामा राखिनेछ । अलैंची, हलेदो, अदुवा लसुन, टिमुर, खुर्सानी जस्ता वस्तुको उत्पादन वृद्धि गरी आन्तरिक माग पूरा गर्दै निर्यात प्रवर्द्धन गरिनेछ ।

६. रैथाने कृषि बीज भण्डार तथा इलेक्ट्रिक शित भण्डार स्थापनाको लागि पहल गरिनेछ । कृषि उत्पादन संकलन केन्द्र स्थापना गरी ढुवानीको लागि कृषि एम्बुलेन्स संचालन, उत्पादित वस्तुको बजार मूल्य निर्धारण र बजारिकरण तथा स्थानीय तहले तोकेका विशिष्टिकृत कृषि तथा पशु उपजको न्यूनतम मूल्य निर्धारण गरिनेछ ।

७. कृषक समूह वा सहकारी संस्थाले कम्तीमा एक कृषि उत्पादनमा लगानी एवं उत्पादन अभिवृद्धि गर्नुपर्ने नीति अवलम्बन गरिनेछ । कृषि उत्पादनमा लगानी एवं उत्पादनको मात्रा अभिवृद्धि र बजारीकरण लगायतको आधारमा कृषक समूह वा सहकारीलाई अनुदान प्रदान गर्दै क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

८. कृषि, पशुपालन र पर्यटनलाई जोड्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ । दुग्घ उत्पादनमा आधारित उद्योग स्थापना गरिनेछ ।

९. कृषि क्षेत्रको विकासका लागि व्यवसायिक रुपमा कृषि कार्य गर्ने तथा सामुहिक खेती गर्ने कृषि समूह, फर्मका लागि आवश्यक कृषि उपकरणमा अनुदानको व्यवस्था गरिनेछ । यस्ता कृषि फर्म दर्ता तथा नवीकरणको कार्य उद्यम विकास शाखा मार्फत् गर्ने तथा कृषि विकास र पशु सेवा शाखाबाट नियमित रुपमा प्राविधिक सहयोग एवं अनुगमन गरिनेछ ।

१०. कृषि तथा पशुपालनको क्षेत्रमा उपलब्ध गराइने अनुदानमध्ये कम्तीमा ६० प्रतिशत अनुदान उत्पादनमा आधिरित अनुदानको रुपमा उपलब्ध गराइनेछ । प्राप्त अनुदानको सदुयोग र उत्पादन अभिवृद्धि मापन गरी अनुदानको दुरुपयोग गर्ने लाभग्राहीलाई कारवाहीको दायरामा ल्याई आउँदो ३ वर्षसम्म अनुदान उपलब्ध नगराउने नीति लिइनेछ ।

११. संस्कृति, पुरातत्व र पर्यटनलाई एकीकृत रुपमा प्रवर्द्धन गर्ने धार्मिक, पर्यटकीय र पुरातात्विक महत्वका स्थलहरुको पहिचान र पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ । नागेपोखरी दुधपोखरी नारदपोखरी पदमार्ग निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

१२. किसानहरुलाई घरदैलोमै कृषि र पशुपालन सम्बन्धि सेवाप्रवाहको सरल पहुँचमा पुर्याउन त्रैमासिक रुपमा कृषि तथा पशुपालनको शिविर सञ्चालन गरिनेछ ।

१३. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगारका अवसरहरु सृजना तथा खाद्य सुरक्षाको प्रत्याभुति गरिनेछ ।

१४. व्यवसायिक सुरक्षाका लागि व्यवसाय विमा तथा सुरक्षा सामग्री सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । कृषि फर्म तथा कृषकद्वारा पशु तथा बाली बिमा गर्दा लाग्ने प्रिमियममा नेपाल सरकारले दिने सुबिधा बाहेकलाई १०० प्रतिशत मानी ५० प्रतिशत अनुदान गाउँपालिकाद्वारा प्रदान गरिनेछ । बाली तथा पशुपंक्षी बीमामा किसानको सर्वसुलभ पहुँच पुग्ने व्यवस्था गरिनेछ । यसका लागि निजी क्षेत्र साथै सहकारी संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

१५. केही बैंक तथा वित्तीय संथाहरुको कर्जा प्रवाहमा भएको चर्को व्याज एवं प्रकृयाका कारण उठीवास हुने कहालिँदो अवस्थालाई अन्त्य गर्न सहुलियतपूर्ण कर्जा प्रवाहको नीतिका लागि बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय तथा सकहार्य गरिनेछ ।

१६. हिमालबाट बगेको शुद्ध खानेपानी बोटलिङ गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा निर्यात गर्न अवश्यक नीति अख्तियार गरी संरचना निर्माणको सुरुवात गरिनेछ ।

१७. अजिरकोट गाउँपालिका र मातहतका कार्यालयहरुमा प्रयोग हुन सक्ने स्थानीय उत्पादनको गुणस्तर मापन गरी उपयोगमा प्राथमिकता दिन सुरुवात गरिनेछ ।

१८. गाउँपालिकाभित्र रहेका प्राकृतिक स्रोत र साधनको उपयोग गरी निर्माण भएका र निर्माण हुने जलविद्युत आयोजनाहरुबाट स्थानीय सडक, सिंचाई कुलो, वन लगायतको क्षेत्रमा पुगेको र पुग्न सक्ने अतिक्रमण रोक्न आवश्यक नीति लिइनेछ ।

१९. कम्प्युटर, ड्राइभिङ, प्लम्बिङ, मोबाइल रिपेयरिङ, इलेक्ट्रिसियन लगायतका सीपमुलक प्रशिक्षणहरुबाट अजिरकोटवासी लाभग्राहीले मान्यताप्राप्त प्रमाणपत्र समेत प्राप्त गरी व्यवसाय संचालन मार्फत आर्थिक वृद्धि हाँसिल गर्ने वतावरण सिर्जना गर्न नेपाल सरकार र सि.टि.ई.भि.टी. बाट मान्यता प्राप्त स्थानीय शैक्षिक संस्था एवं संघ संस्थालाई प्राथमिकता दिइनेछ ।

**ख) सामाजिक विकास**

१९. कोभिड १९ जस्ता महामारी रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्था सुनिश्चत गर्दै सबै अजिरकोटबासीहरुको स्वास्थ्य सम्बन्धी अधिकारलाई संरक्षण र प्रवर्द्धन गर्न गाउँपालिका प्रतिबद्ध रहनेछ । अजिरकोटबासी नागरिकहरुको स्वास्थ्य सुरक्षाको लागि कोभिड १९ जस्ता महामारी विरुद्धको खोप लगायत आवश्यक औष्धी उपकरण उपलब्धताको लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

२०. धनी र गरीब, गाउँ र शहर बीचको दुरी कम गर्ने रणनैतिक नीति अवलम्बन गरिनेछ । शहर बजारमा बसाइसराई गएका अजिरकोटवासीहरुलाई गाउँ फर्कन प्रेरित गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुका साथै फर्कनेहरुलाई विभिन्न सेवा सुविधाहरुमा सहुलियत प्रदान गरिनेछ ।

२१. राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको सशुल्क र निशुल्क वृद्धाश्रम निर्माण गर्नका लागि विस्तृत अध्ययन प्रतिवेदन (DPR ) तयार गरिनेछ ।

२१. गाउँपालिकास्तरिय नमुना विद्यालय निर्माणको सुरुवात गर्दै क्रमश सबै विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा रुपान्तरण गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिका भित्रका विद्यार्थीको उच्च शिक्षाको पहुच सुनिश्चित गर्न स्नातक तहसम्म अध्ययन गर्ने क्याम्पस स्थापनाको पहल गरिनेछ ।

२२. सामुदायिक विद्यालय सुधारको लागि सामुदायिक विद्यालय क्षेत्र सुधार कार्यक्रम ( Community School Sector Reform Programme ) बनाई विद्यालयको एकीकरण, शिक्षक दरबन्दीको बैज्ञानिक समायोजन, प्र.अ. हरुलाई थप सुविधा, योग्यता र ज्येष्ठताको आधारामा प्र.अ. को व्यवस्था, मेघा आवासिय विद्यालय निर्माण जस्ता शैक्षिक क्षेत्र सुधार गर्ने नीति अख्तियार गरिनेछ । आवश्यक नीति तथा कानून निर्माण गरी विद्यालय अनुगमन निरिक्षण प्रभावकारी बनाइनेछ ।

२३. अजिरकोट गाउँपालिकालाई बन्द र हड्ताल निषेधित क्षेत्र घोषणा गरिनेछ ।

२४. सार्वजनिक र सरकारी पदमा रहेका सबै नागरिकहरुका छोराछोरीलाई समादायिक विद्यालयमा अध्ययन गराउन विशेष पहल गरिनेछ ।

- आगामी तीन वर्षमा सम्पूर्ण नागरिकलाई स्वाथ्य बीमा कार्यक्रममा आवद्ध गरिनेछ ।

- सहिद र बेपत्ता परिवार लक्षित राहत एवं. पुनस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा र आर्थिक समृद्धिका कार्यक्रमहरु संचालनमा ल्याइनेछ । वडा र स्वास्थ्य संस्थाहरुमा वार्षिक रुपमा शिविर मार्फत नसर्ने रोगको निशुल्क परीक्षणको व्यवस्था गर्दे शैक्षिक शत्र अघि प्रत्येक विद्यार्थी र शिक्षकको निशुल्क रुपमा अनिवार्य स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- निर्माणधिन भच्चेक अस्पलालबाट २४ अै घण्टा सेवा प्रवाहको सुरुवात गर्दै यसै आ.व. मा निर्माण कार्य सम्पन्न गरिनेछ । भच्चेक अस्पतालाई स्तरोन्नती गरी १५ बेडको अस्पताल बनाउन पहल गरिनेछ । CS गरेर बच्चा जन्माउने प्रविधि सञ्चालनमा ल्याउन प्रक्रिया अगाडि बढाइनेछ ।
- वाल अधिकार र वालसंरक्षणका विभिन्न कार्यक्रमहरु संचालनको प्रवन्घ मिलाइनेछ । वालमैत्री वडा र गाउँपालिका का लागि आवश्यक नीति निर्माण एवं सबै पूवार्धार स्थापना गरी आगामी आ.व. २०८०/०८१ मा नमुनाको रुपका एक वडालाई वालमैत्री वडा घोषण गर्नुका साथै त्यसपछिको आ.व.मा क्रमश सबै वडा र गाउँपालिकालाई वालमैत्री घोषण गरिनेछ ।
- **छोरी भए पुगिसरी** कार्यक्रम मार्फत दुईवटा छोरी भई स्थायी बन्ध्याकरण गरेका दम्पतीका दुई छोरीहरुलाई कक्षा ११ र १२ मा निस्शुल्क शिक्षाको व्यवस्था गरिएकोमा सो कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- उच्च शिक्षामा विद्यार्थालाई प्रोत्सहान गर्न अजिरकोट गाउँपालिकाभित्रका सामुदायिक विद्यालयबाट एस.इ.ई. का परीक्षामा सर्वोत्कृष्ट हुने विद्यार्थीलाई नेपाल भित्र पठनपाठन हुने नेपाली विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्नातक तहको कुनैपनि कार्यक्रममा अध्ययनका लागि कुल शैक्षिक शुल्कको एक तीहाई रकम छात्रावृत्ति स्वरुप प्रदान गरनेछ ।
- युवाहरुलाई संगठित गरी प्रतिभा प्रस्फुटनका क्रियाकलापहरु संचालन गर्न प्रोत्सहान गर्दै युवालाई गाउँपालिका क्षेत्रमा उद्यम र रोजगारीको अवसर विस्तार गर्ने गरी **फर्क युवा अभियान**लाई निरन्तरता दिईनेछ ।
- सुनौलो हजार दिनका आमालाई पोषणको अभाव हुन नदिन पोषण सामग्री सहितको **माइतीको पोसिलो कोशेली** कार्यक्रमलाई थप विशेषता एवं प्रभावकारिताका साथ निरन्तरता दिइनेछ । पाठेघरको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने समस्याको लागि स्वास्थ्य परिक्षणको सेवा उपलब्ध गराउन अर्धवार्षिक रुपमा शिविर सञ्चालन गरिनेछ ।
- आगामी तीन आ.व. सम्ममा सुरक्षित मातृत्व, खोप र प्रजनन स्वाथ्य सम्बधी राष्ट्रिय लक्ष्य हाँसिल गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । सो अवधि भित्र टेलिमेडिसिको विकास र प्रयोग गरिनेछ ।
- डोको, नाम्लो, डालो, नाङ्लो , मान्द्रो, भकारी जस्ता स्थानीय कच्चा सामग्रीहरुको प्रयोगबाट उत्पदन हुने स्थानीय वस्तुहरुको उत्पादन, प्रवर्द्धन र बजारीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्रका युवा जनशक्तिहरुलाई खेलकुद प्रति आकर्षण गराउन विभिन्न खेलकुदका कार्यक्रहरु सञ्चालन गरिनेछ । उत्कृष्ट खेलाडी तथा खेल टिमलाई खेलकुदमार्फत गाउँपालिकाको पहिचान बनाउन जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा छनौट हुन प्रोत्सहान गरिनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई निरन्तरता दिँदै पठन पाठनको कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ । विद्यालय छाड्ने दरलाई क्रमश शून्यमा झारिनेछ ।

- महामारीको अवस्थामा खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन गरी परिचालन गरिनेछ ।
- आजका किशोरकिशोरीहरु भविष्यका देश निर्माणका आधार हुन् भन्ने मान्यतालाई आत्मसाथ गर्दै किशोर किशोरी लक्षित स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । किशोर किशारी लक्षित लागुऔषध न्यूनीकरण, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, महिनावारी चक्र तथा सरसफाइ र प्रजनन स्वास्थ्य बारे सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा ल्याउने कम्तिमा २ वटा विद्यालयलाई **अजिरकोट उत्कृष्ट शिक्षा पुरस्कार** दिइनेछ ।
- विपन्न र पछाडि परेका वर्ग, लिङ्ग र समुदायका बालबालिकाहरुलाई शिक्षामा पहुँच विस्तार गर्न भिकाउ, टिकाउ र विकाउ नीति अवलम्बन गर्दै छात्रवृत्ति, दिवाखाजा, पोसाक लगायत विशेष प्रोत्साहन कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । बालिका शिक्षालाई प्रोत्साहित गर्न महिलामैत्री शौचालय, स्यानेटरी प्याडको उपलव्धताको सुनिश्चितता गरिनेछ ।
- अजिरकोट गाउँपालिकाभित्रका विपन्न जेहेन्दार विद्यार्थीहरुलाई तोकिएको विद्यालयमा कक्षा एघार र वाह्रमा विज्ञान तथा प्राविधिक विषय पढ्न छात्रवृतिको व्यवस्था गर्न **जेहेन्दार छात्रवृति कार्यकम**को निरन्तरता गरिनेछ ।
- **विकासमा महिला, सम्वृद्धिमा पहिला** भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरुमा महिलाहरुको नेतृत्व वृद्धि गर्ने नीतिलाई अवलम्बन गरिनेछ । वडा स्तरका उपभोक्ता समिति मार्फत् सञ्चालन गरिने योजनामा कम्तिमा एक तिहाई योजना महिला नेतृत्वमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- अपाङ्गता परिचय पत्र, ज्येष्ठ नागरिक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण गरी उनीहरुको मौलिक हक र अधिकारलाई संरक्षण र सम्वर्द्धन गरिनेछ । अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक अजिरकोटवासी नागरिकहरुलाइ छोटो तथा लामो दुरीका सवारी साधनमा र अजिरकोट भित्रका कार्यालय एवं निकायहरुमा नियमानुसारको सहुलियत अनिवार्य गरिनेछ । पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति र ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई उपचारको लागि भच्चेक अस्पतालसम्म निशुलक एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।
- महिला तथा एकल महिलाहरुलाई लक्षित गरी विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै तालिम पश्चात् व्यवसाय सञ्चालन गर्ने कार्यमा साझेदार संस्थाहरुसँगको समन्वयलाई निरन्तरता दिइनेछ ।
- दलित तथा पिछडिएका समुदायको परम्परागत पेशा व्यवसाय आधुनिकीकरण गरी व्यवसायिक बनाउन आवश्यक सहयोग गरिनेछ । जनजाति, विपन्नवर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गरिनेछ ।

**ग) पूर्वाधार विकास**

- यातायात , कषि, खानेपानी, सिंचाई लगायतका विषयगत क्षेत्रका गुरुयोजना तयार गरी सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ । एक घर एक धारा वृहत खानेपानी आयोजना संचालनको सुरुवात गर्नुका साथै गाउँपालिकास्तरिय वृहत सिंचाई आयोजना र अजिरकोट साँस्कृतिक संग्रहालयको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी संघ र प्रदेश सरकारसँग अनुदानको लागि प्रस्ताव गरिनेछ ।

- वस्ती/ वडा/ गाउँपालिका स्तरबाट पहिचान एवं. प्रथमिकिकरण भएका आयोजना तथा प्रथम पञ्चवर्षीय योजनाबाट औंल्याइएका आयोजनाहरु समावेश गरी गाउँपालिकास्तरीय आयोजना बैंक स्थापना मार्फत क्रमश कार्यान्वयनमा ल्याइनेछ । आयोजना बैंकमा समावेश भएका गाउँपालिका स्तरका गौरवका आयोजनाहरुको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी संघ र प्रदेश सरकारसँग समपूरक, विशेष र सर्शत अनुदानका लागि प्रस्ताव पेश गरिनेछ ।
- भौतिक संरचनामा दिगो सुरक्षा र राजश्व संकलनलाई समेत टेवा पुग्ने गरी भवन संहिता तथा मापदण्ड तयार गरी घरनक्सापास सुरुवात गरिनेछ ।
- अजिरकोट भित्रका प्रसिद्ध धार्मिक स्थल अजिरकोट कालिका मन्दिर र झ्याल्लाभूमे मन्दिर निर्माण यसै आ.व. मा सम्पन्न गरिनेछ । अजिरकोट कालिका मन्दिर र झ्याल्लाभूमे मन्दिरमा आवश्यक थप पूर्वाधार निर्माणको लागि विशेष पहल गरिनेछ । वि.पि.कोइराला उच्च (High Altitude) रङ्गशाला निर्माणलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्रका सानातिना सडकहरु मर्मत सम्भार तथा स्तरोन्नतिका लागि मर्मत-सम्भार कोष मार्फत् सडक मर्मत सम्भार र स्तरोन्नती गर्ने कार्यलाई उपभोक्ता साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिकाभित्रका महत्वपुर्ण सडकहरुलाई नियमित मर्मत गरी वाह्रै महिना यातायात सञ्चालन योग्य वनाउनको लागि नियमित मर्मत सम्भार कार्यलाई व्यवस्थित गरिनेछ ।
- संघीय सरकारको समपुरक अनुदान अन्तर्गत साझेदारीमा काफलडाँडा बुद्धसिंहटार सडक स्तरोन्नती गरी बाह्रै महिना यातायात संचालन हुने व्यवस्था मिलाइनेछ । गण्डकी प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत साझेदारीमा सिमजुङ घ्याच्चोक वडा कार्यालय जोड्ने सडक स्तरोन्नती गरी बाह्रै महिना यातायात संचालन हुने व्यवस्था मिलाइनेछ । नम्की कोलकाटे भिरकुना सडकको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- स्थानीय स्रोतसाधन, सीपको प्रयोगबाट सञ्चालन हुने आयोजना, स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने योजनालाई प्राथमिकता दिइनेछ । दीगो विकासको लक्ष्य प्राप्तिका लागि जनसहभागितामा आधारित आयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- विद्यालय, सामुदायिक भवन तथा सरकारी भवनहरु निर्माण गर्दा संरचनाहरु अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।
- टोल विकास संस्था तथा उपभोक्ता समिति मार्फत् निर्माण सम्पन्न भएका आयोजनाहरु नियमानुसार सम्बन्धित टोल विकास संस्था वा उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ । हस्तान्तरित योजनाको सम्पूर्ण मर्मत सम्भारका लागि उपभोक्ता समितिलाई नै जिम्मेवार बनाइनेछ । रु. १५ लाखसम्मका आयोजनाहरु मात्र टोल विकास संस्था वा उपभोक्ता समिति मार्फत् सञ्चालन गरिनेछ । उपभोक्ताहरुको दक्षता नभएको आयोजनाहरुलाई दक्ष निर्माण व्यवसायी छनौटको लागि ठेक्का आव्हान गरी सञ्चालन गरिनेछ ।
- संघीय र प्रदेश सरकारद्वारा यस गाउँपालिका क्षेत्रमा विनियोजित भएका आयोजनाहरु कार्यान्वयनमा आयोजना सर्वेको चरणदेखि नै गाउँपालिकासँग समन्वय गर्न अनुरोध गरिनेछ । कार्यान्वयन गर्ने निकायले गाउँपालिकालाई कार्य सुरुहुन पूर्व ईस्टिमेट र आयोजनाको कार्यसम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदन नवुझाएमा गाउँपालिकाले आयोजनाको अपनत्व लिन बाध्य हुनेछैन ।

**घ) वन्, वातावरण तथा विपद् व्यवस्थापन**

- गाउँपालिका भित्र रहेको जमिनको भू-उपयोग वस्तुस्थिति तयार गरी सार्वजनिक जग्गाको वर्गिकरण एवं. अभिलेख तयार गरिनेछ। संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी सार्वजनिक जग्गा संरक्षण गरिनेछ।
- जलवायु संकट तथा विपद्जन्य घटनाबाट अजिरकोटवासी समुदमयलाई सुरक्षित राख्न जलवायु उत्थानशिलता र विपद् व्यवस्थापनका एकीकृत कार्यक्रमहरु संचालन गरिनेछ। प्रकृतिप्रेमी विकास र पर्यावरण रक्षामा जोड दिई दिगो विकासमा जोड दिइनेछ।
- अजिरकोट गाउँपालिकाभित्रका मुख्य बजार क्षेत्रलाई वातावरणमैत्री, हरियाली र सुन्दर बनाउन बजारबासिको सौजन्यतामा सौन्दर्यकरणका विविध कार्यक्रमहरु संचालनमा ल्याइनेछ।
- रसायनिक मलको प्रयोग कम गर्दै प्राङ्गारिक मल उत्पादन , प्रयोग र विक्रि वितरणलाई प्राथमिकता दिइनेछ। प्लाष्टिक मुक्त गाउँपालिका निर्माणको अभियान अगाडि बढाउन गाउँपालिका एवं मातहतका कार्यालयहरुमा प्लाष्टिकका सामग्रीको प्रयोग न्यूनिकरण गर्दै स्थानीय उत्पादन बाहेकका खादा प्रयोगमा रोक लगाइनेछ।
- जैविक मल तथा कीटनाशक औषधी उत्पादन गर्न कृषकहरूलाई ज्ञान र प्रविधि हस्तान्तरण गरिनेछ। पशु चौपायाहरुको गोठ सुधार गरी व्यवस्थित पशुपालन गर्न प्रोत्साहित गरिनेछ। उन्नत नस्लका पशुपालनप्रति कृषकहरूलाई प्रोत्साहित गर्दै उच्च धरातलीय क्षेत्र अनुकूलका भेडा, च्याङ्ग्रा, चौंरी लगायतका चौपायाहरूको व्यवसायिक पालनमा जोड दिइनेछ ।
- स्थानीय स्रोत साधन र सीपको उपयोग गरी उद्यमशीलताको विकास गर्न सामुदायिक होमस्टे पुर्वाधार निर्माण र क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरिनेछ र सामुदायिक होमस्टेलाई आवश्यक मापदण्ड वनाई वर्गीकरण गरी सुदृढीकरण गरिनेछ।
- ठुला र बहुवर्षिय आयोजनाहरु कार्यान्वियन पूर्व आवश्यकता अनुसार संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावणीय परीक्षण (IEE) तथा विस्तृत अध्ययन प्रतिवेदन (DPR) तयार गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थ जस्तैः ढुङ्गा, गिट्टी, बालुवा, खानीजन्य पदार्थ, स्लेट लगायत प्राकृतिक स्रोत साधनको आँकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन, ओसारप्रसार र बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइ राजश्वको दायरालाई वृद्धि गरिनेछ। चेपे तथा दरौदी नदी एवं अन्य स्थानका प्राकतिक साधन स्रोत प्रयोग गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार मात्र ढुङ्गा गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोतको उत्खनन् तथा प्रयोग गरिनेछ।
- मनसुनजन्य विपद्, आगोलागी तथा भूकम्प प्रभावित नागरिकहरुले आवास निर्माण एवं राहत प्राप्ति लगायत राज्यबाट पाउने सुविधालाई सरल र व्यवस्थित गराउँदै लगिनेछ। विभिन्न विकास साझेदार र सामाजिक संघसंस्थाहरुसँगको सहकार्यमा उनीहरुको जीविकोपार्जनका गतिविधिहरु सञ्चालन गरी आयआर्जनमा सघाउ पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

### ङ) सुशासन र संस्थागत विकास

- अजिरकोट गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट करदातालाई पुरस्कृत गर्दै आन्तरिक आय प्रवर्द्धनका कार्यक्रमहरु लागु गरिनेछ । आन्तरिक आयका क्षेत्रहरु पहिचान र परिचालन गरी आन्तरिक आयलाई क्रमशः बढवा दिदै लगिनेछ । यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अजिरकोटबासीहरुको क्षमता, स्थानिय श्रोत र अन्य गाँउपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरु निर्धारण गरिनेछ ।

- सेवा प्रवाहको गुणस्तरका वारेमा समीक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरुको चौमासिक प्रगति समीक्षा बैठक सञ्चालन गरिनेछ । शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी उत्प्रेरणा र हौशला प्रदान गर्न आर्थिक वर्षको अन्त्यमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गरिनेछ ।

- अध्ययन र अनुसन्धान, पर्यटन, दहत्तर बहत्तर राजश्व संकलन, फोहोमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिलताका कार्यक्रमहरु संचालन गर्न र  पूर्वाधार संरचना विकाससँगै सांस्कृतिक एवं. पुरातात्विक विषयवस्तुलाई जगेर्ना गर्न आवश्यक आर्किटेक्चर जनशक्ति व्यवस्थापनको लागि छिमेकी स्थानीय तहहरुसँग साझा नीति अख्तियार गर्दै साझेदारीलाई प्राथमिकता दिइनेछ । अजिरकोट अध्ययन अनुसन्धान प्रतिष्ठान स्थापना गरिनेछ ।
- सार्वजनिक सेवाप्रवाहप्रति उत्तरदायि बनाउन पर्यवेक्षकको भूमिका निर्वाह गर्ने गरी जनप्रतिनिधि,  कर्मचारी र सरोकारवाला समुदायको संयुक्त संयन्त्र स्थापना गरनेछ  । गाउँकार्यपालिकाको केन्द्रमा सुदुढ र व्यवस्थित सहायता कक्ष स्थापना गरिनेछ ।

- सेवा प्रवाहमा संलग्न कर्मचारीहरुको मनोवल बढाउन आवश्यकता अनुसार प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन एव. अन्य उपयुक्त र अत्यावश्यक सेवा सुविधाको व्यवस्थापन मार्फत सेवा प्रवाहमा चुस्तताको वातावरण सिर्जना गरिनेछ । आन्तरिक पर्यटन प्रवर्द्धन साथै कर्मचारी उत्प्रेरणाका लागि वर्षमा पाँच दिनको तलव सहितको विदा दिई कर्मचारी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

- गाउँपालिकाको आर्थिक एवं. प्राविधिक सहायतामा सञ्चालन हुने पूर्वाधार एवं गैर पूर्वाधार आयोजना तथा कार्यक्रमहरुको लागत अनुमान र कामको प्रकृतिमा आधारित रहेर उपयुक्त कार्यावधिको व्यवस्था गरी समयमै कार्यसम्पन्न नगर्ने उपभोक्ता समितिको औचत्यता एवं प्राविधिक पुष्ट्याई बाहेक सम्झौताको म्याद नथप्ने नीति लिइनेछ ।

- गाउँपालिकाको डिजिटल पार्श्वचित्र तयार गरी प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन र अध्यावधिक गर्ने व्यवस्था गरिनेछ । सेवाग्रहीलाई प्रविधिमैत्री सेवा प्रवाह गर्न गाउँपालिकाको छुट्टै एप्स संचालनमा ल्याइनेछ ।
- नियमित बजार अनुगमन, महंगी नियन्त्रण, वस्तुभाउको निर्धारित मूल्यको नियमन मार्फत उपभोक्ताको हक संरक्षण गरिनेछ ।
- गाउँपालिका तथा मातहातका कार्यालहयहरुबाट प्रवाह हुने सेवाहरुलाई प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउन पेपरलेस सेवाको सुरुवाती गर्दै क्रमश पूर्ण रुपमा पेपरलेस सेवाप्रवाप्रवाहको व्यवस्थापन गरिनेछ ।

- लगानी र विज्ञ सम्मेलनमार्फत अजिरकोट गााउँपालिकाको वृहत विकासको सम्भावनाको अन्वेषण एवं. पूजि संकलन तथा परिचालनको नीति लिइनेछ ।
- गैरसरकारी संघ संस्थाहरुबाट सञ्चालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरुलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत् सञ्चालन गरी व्यवस्थित बनाइनेछ । गैर सरकारी संस्थाहरुलाई नियमन गरी कार्यक्षेत्रमा हुने दोहोरोपना अन्त्य गरिनेछ र विकास साझेदार संस्थाहरुसँग विकासका कामहरुमा साझेदारी गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि तथा मानव संसाधन विकासका लागि क्षमता विकास योजना तर्जूमा गरिनेछ । गाउँपालिकाको साङ्गठनिक विकासलाई प्राथमिकता दिँदै कर्मचारी एवं पदाधिकारीहरुको क्षमता विकासका लागि तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको विकास निर्माणका कार्यलाई समावेशी, पारदर्शी, उत्तरदायी तथा जनसहभागितामूलक बनाइनेछ । सुशासनलाई केन्द्रमा राखी सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही र नागरिकमैत्री वनाइनेछ ।
- स्थानीय योजना व्यवस्थापन प्रणालीलाई सूचना प्रविधिमा आवद्ध गरिनेछ । मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजना र वार्षिक योजनाबीच अन्तरसम्बन्ध स्थापित गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई चुस्त र पारदर्शी बनाउन प्रविधिमैत्री गाउँपालिकाको अवधारणा ल्याइनेछ । राजश्व सङ्कलन, योजना सञ्चालन, जिन्सी व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली लगायतका कार्यहरु सफ्ट्वेयरको प्रयोग मार्फत व्यवस्थित गरिनेछ ।

अन्त्यमा, कोभिड १९ को महामारीको प्रभावस्वरुप अर्थतन्त्र कमजोर भएको र स्थानीय तह संस्थागत भएसँगै जनताको ठूलो आशा र अपेक्षा भएको समयमा हामीलाई प्राप्त महत्वपूर्ण जिम्मेवार अजिरकोटका जनताको आर्थिक र सामाजिक विकासको आकांक्षा पूरा गर्न यो अजिरकोट स्थानीय सरकार प्रतिवद्ध भएको जानकारी गर्दछु ।

धन्यवाद !!!